मिति २०८३/७/१२ गतेको नगरकार्यपालिकाको बैठकको प्रस्तावहरु

१. सडक बोर्ड नेपाल तर्फको कार्यक्रम समपुरक रकम बिनियोजन सम्बन्धमा।
२. झोलुङ्गे पुल सम्बन्धमा।
३. विविध सम्बन्धमा ।
(१) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धमा ।
(२) वडा पुनः संरचना प्रतिवेदन सम्बन्धमा ।
(३) मेयर उपमेयर कप खेलमा भएको खर्च अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन सम्बन्धमा ।
(४) खानेपानी योजना मर्मत सम्बन्धमा ।
(५) गत आ.व.को भुक्तानी बाँकी रकम भुक्तानी सम्बन्धमा ।
(६) सोधभर्ना सम्बन्धमा ।

निर्णयहरु:-

निर्णय नं. १

प्रस्ताव नं .१ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. २५७ मिति २०८३/६/१९ गतेको पत्रबाट रु ६८ लाख बजेट स्वीकृत भई आएको । उन्नाइसौं नगरसभाबाट खयरभट्टी- फोर्सल- सुपारीनेटा- बाँके-हर्रे- चाक्ला सडक स्तरोन्नती गर्न सडक बोर्ड नेपाल तर्फको कार्यक्रमबाट गर्ने गरी गर्न सडक बोर्ड नेपाल तर्फ रु ३५ लाख र नगरपालिका समपुरक रु १५ लाख अनुमान गरी विनियोजन भएकोमा प्राप्त पत्रानुसार अनुमान गरेभन्दा बढी रकम स्वीकृत भई आएकोले सो बमोजिम नगरपालिकाले समपुरक बापत व्यहोर्नु पर्ने ३० प्रतिशतले हुने रकम नपुग हुने भएकोले थप रकम रु १५ लाख चालु आ.व.को लागि मौज्दात सरेको रकमबाट विनियोजन गरी उक्त सडक स्तरोन्नतीको कार्य प्रकृया अगाडी बढाउने निर्णया गरियो ।

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा चालु आ.व.को संघीय सशर्त अनुदान (पूँजीगत) तर्फ बडहरे घाट झो.पु. शितगंगा ७ शितगंगा नगरपालिका अर्घाखाँची भनि रु ४० लाख बजेट विनियोजन भइ आएको अवस्था छ ।उक्त झोलुङ्गे पुलको ठेगाना शितगंगा १ शितगंगा नगरपालिका अर्घाखाँची हुनु पर्नेमा शितगंगा ७ हुन गएकोले ठेगाना सुधारको लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ३ (१)

प्रस्ताव नं .३ (१) माथि छलफल गर्दा शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुरा गरी सोही कार्यविधिको परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका बैठकमा पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ९, निवासी मिलन विश्वकर्मा सुनार रहेको एम.पि.एस.निर्माण सेवा शितगंगा नगरपालिका वडा नं. ९ अर्घाखाँची लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ (२)

प्रस्ताव नं. ३ (२) माथि छलफल गर्दा यस नगरपालिकाका वडाहरु पुनःसंरचना गर्ने सन्दर्भमा प्राविधिक प्रतिवेदन तयारीको लागि यस कार्यालयको मौजुदा जनशक्तिबाट सम्भव नभइ विभिन्न मितिका कार्यपालिकाको बैठकहरुबाट निर्णय भई निर्णय अनुसार परामर्श सेवा लिनु पर्ने भएकोले डेलिजेन्स कन्सल्टिङ्ग प्रा.लि.काठमाण्डौंलाई परामर्श दाता नियुक्त भएकोमा उक्त परामर्श दाताले कार्यपालिकाको निर्णयलाई आधारमानी स्थलगत अध्ययन समेतका आधारमा तयार गरेको प्रतिवेदन आजको बैठकमा प्रस्तुती तथा छलफल भयो । उक्त प्रतिवेदनमा उल्लेख भएबमोजिम वडा पुनःसरचनाको प्रकृया अगाडी बढाउन उपयुक्त देखिएकोले जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीको च.नं.५८ मिति २०८३/५/२६ को पत्रबाट माग भएको विवरण समेत उल्लेख भएको उक्त प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीमा पठाउने निर्णय गरियो।

निर्णय नं. ३ (३)

प्रस्ताव नं. ३ (३) माथि छलफल गर्दा मिति २०८३/१/२४ देखि २०८३/१/२९ सम्म यसै नगरपालिकाको वडा नं. १२ रजियमा सञ्चालन भएको मेयर कप भलिवल र उप-मयेयर कप क्रिकेट खेल संचालनको लागि समिति गठन भइ उक्त समितिबाटै खेल व्यवस्थपान भइ सम्पन्न भएकोमा खेल संचालन गर्दा भएका खर्चको सन्दर्भमा सामाजिक सञ्जालमा आइरहेका विभिन्न विषयको सन्दर्भमा खेल सचालनको क्रममा भएको खर्चको यथार्थ अवस्था र सो सम्बन्धमा सामाजिक सजालमा आइरहेको विषयहरु समेतको अध्ययन गरी सत्यतथ्य विवरण सहितको प्रतिवेदन पेश गर्न तपशिल अनुसारको समिति गठन गर्ने र उक्त प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

तपशिल

संयोजक श्री भिम बहादुर के.सी. वडा अध्यक्ष
सदस्य श्री चिन्तराज अधिकारी वडा अध्यक्ष
सदस्य श्री रुक बहादुर आले वडा अध्यक्ष
सदस्य श्री मान बहादुर नेपाली का.पा.सदस्य
सदस्य सचिव रमा पाण्डे सहायक प्रशासकीय अधिकृत

निर्णय नं. ३ (४)

प्रस्ताव नं. ३ (४) माथि छलफल गर्दा यस नगरपालिकाका तपशिलका खानेपानी योजनामा हावाहुरीका कारण सोलार पाता उडाएको तथा चट्याङ्गका कारण ट्रान्फरमरमा क्षेति पुग्न गइ खानेपानीको नियमित आपुर्तिमा समस्या परेकोले तत्काल मर्मत संभार गरी खानेपानी आपूर्ति सुचारु गर्न अति आवश्यक भएको भनी सम्बन्धित वडा कार्यालयबाट लेखिआएकोले तपशिलका खानेपानी योजना मर्मत सुधारको लागि गत

प्रमुख प्रशासकीय अधिकृत

आ.व.को मौज्दात सरेको रकमवाट र वडा [illegible] रकमवाट निम्न अनुसार रकम विनियोजन गरी खानेपानी मर्मत गर्ने निर्णय गरियो ।

तपशिल

(क) मगराको लिफ्ट खानेपानी योजनाको ट्रान्सफरमर विग्रेकोले मर्मत खर्चको ५० प्रतिशतले बढिमा रु ५०००० ।

(ख) कोल पखेरे सोलार लिफ्ट खा.पा. योजनाको सोलार पाता हावाले उडाइ क्षति पुगेकोले सो को मर्मतको लागि लागत अनुमान तयार गरी सो वमोजिम वडा तथा नगरवाट वढीमा रु ३५०००० । व्यहोर्ने गरी कार्य गर्ने ।

निर्णय नं. ३ (५)

प्रस्ताव नं. ३ (५) माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३ को लागि स्वीकृत योजना, कार्यक्रम र चालु प्रकृतिका खर्चहरु भुक्तानी गर्ने क्रममा संघीय सरकारवाट उपलब्ध गराईएको शिलिङ वमोजिम वित्तिय समानीकरण अनुदान र राजश्व बाँडफाड शिर्षकमा रकम प्राप्त नहुदा भुक्तानी हुन नसकी भुक्तानीको लागि कच्चावारी (मलेप फारम नं. २२१) प्रमाणित वमोजिमको विवरण आजको कार्यपालिका बैठकमा पेश हुन आएको रु ५८,२५,९००।-का सन्दर्भमा भुक्तानी बाँकीको तपशिल अनुसारको विवरण माथि छलफल भयो । उक्त भुक्तानी बाँकी रहेको रकम उन्नाइसौं नगरसभावाट चालु आ.व.को लागि भुक्तानी दायित्व भनि विनियोजन गरेको रकमवाट भुक्तानी दिने निर्णय गरियो।

तपशिल

सि.न.	कारोवारको संक्षिप्त व्यहोरा	भुक्तानी पाउनेको नाम	भुक्तानी हुन बाँकी रकम
१	कार्यालयका मोटरसाइकल मर्मत	पौडेल मोटरसाइकल तथा कृषि औजार मर्मत केन्द्र	२९१५००
२	कार्यालय मसलन्द खर्च	ओम्नीसेन्ट बुक्स एण्ड स्टेशनरी	३४३५००
३	कार्यालय मसलन्द खर्च	द ड्रिम टेड एण्ड सप्लार्य	४७९९००
४	कार्यालय मसलन्द खर्च	अधिकारी इलेक्ट्रोनिक्स एण्ड स्टेशनरी	२१३७००
५	कार्यालय संचालन तथा मेशिनरी औजार मर्मत	रिसर्च कम्प्युटर एण्ड आइ टि सोलुसन	१०००००
६	कार्यालय संचालन तथा मेशिनरी औजार मर्मत	शिशिर इन्टर प्राइजेज एण्ड सप्लायर्स	४५८२००
७	कृषि सडक पूर्वाधार	दमारे सिस्ने कृषि सडक उ.स.	१२५००
८	जिल्ला स्तरीय राष्ट्रपती रनिङशिल्ड खेलकुद	शंकर प्रसाद अर्याल (खेल संयोजक)	२३७०००
९	खयरभट्टी फोर्सल सुपारीनेटा बाँकि हर्रे चाक्ला सडक स्तरोन्नती	क्षितिज कन्ट्रक्सन	३५०५०००
१०	स्वास्थ्य सामाग्री खरिद	गुडविल इन्टरप्राइजेज	१५८००
११	कार्यालय सामाग्री मर्मत	वनगाइ मोवाइलस एण्ड इलेक्ट्रोनिक्स	३९९००
१२	खानेपानी धारा मर्मत	ओम ट्रेडस	२७०००
१३	कार्यपालिका बैठक भत्ता	कार्यपालिका सदस्य	५२०००
१४	पुस्तक खरिद	इन्डिगो इन्क प्रा.लि.	१९९००
१५	टुटवल टुडेको विज्ञापन	टुटवल टुडे	३००००
	जम्मा		५८२५९००

मुख्य प्रशासकीय अधिकृत

पाल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ३ (६)

प्रस्ताव नं. ३ (६) माथि छलफल गर्दा चालु आ.व.को वार्षिक कार्यक्रम स्वीकृत हुँदा दह हेरालु, सडक हेरालु र कृषि उपज संकलन शिर्षकमा रकम विनियोजन भएको। तर उक्त रकम चालु आ.व.को स्थानीय राजश्व बाँडफाडँ श्रोतमा कायम भएको । हाल सम्म उक्त श्रोतमा आय रकम प्राप्त नहुँदा कामदारहरुलाई चाडवार्डको समयमा समेत ज्याला भुक्तानी गर्न नसकिएकोले हाललाई चालु तर्फ कार्यक्रम खर्च शिर्षकमा रहेको रकमबाट पछी सो शिर्षकमा रकम सोधभर्ना गर्ने गरी हाललाई भुक्तनी दिने निर्णय गरियो।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

2080/06/19

मुख्य प्रशासकीय अधिकृत